# आचारसंहिता तथा कार्यविधि २०८१

सुदूरपश्चिम विश्वविद्यालय

**टीकापुर बहुमुखी क्याम्पस**

टीकापुर, कैलाली

Scanned with CamScanner

विषय सूची


| | पृष्ठ |
|---|---|
| खण्ड एक : प्राध्यापक, कर्मचारी र विद्यार्थीका लागि आचारसंहिता | १ - ३ |
| खण्ड दुई : यौन शोषण र दुर्व्यवहारसम्बन्धी आचारसंहिता | ४ – ६ |
| खण्ड तीन : फोहरमैला व्यवस्थापनसम्बन्धी कार्यविधि | ७ – ८ |


२०८१।३।१८


FAR WESTERN UNIVERSITY
Tikapur Multi
Tikapur

## खण्ड एक : प्राध्यापक, कर्मचारी र विद्यार्थीका लागि आचारसंहिता

### क. प्राध्यापकहरूका लागि आचारसंहिता

प्रस्तुत आचारसंहिता टीकापुर बहुमुखी क्याम्पसमा कार्यरत प्राध्यापकहरूको व्यवहारलाई अनुशासित र विद्यार्थीकेन्द्रित बनाउन तथा समग्र शैक्षिक गुणस्तर सुधारमा मद्दत पुऱ्याउने उद्देश्यले निर्माण गरिएको हो । अतः सम्पूर्ण प्राध्यापकहरूलाई तलका आचारसंहिताको पालना गर्नु अनिवार्य हुनेछ :

१. तोकिएको समयमा क्याम्पसमा उपस्थित हुनुपर्ने र कक्षा शिक्षण तथा अन्य जिम्मेवारीहरू पूर्वनिर्धारित समयमा सम्पन्न गर्नुपर्ने

२. विद्यार्थीहरूसँग असल आदर्श तथा उदाहरणीय आचरण प्रस्तुत गर्नुपर्ने

३. पेसागत मर्यादालाई कायम राख्दै शिष्ट र सम्मानजनक व्यवहार प्रस्तुत गर्नुपर्ने

४. अभिभावक, कर्मचारी सहकर्मी एवम् सरोकारवालाहरूसँग सम्मानपूर्वक निष्पक्ष र पारदर्शी व्यवहार गर्नुपर्ने

५. अनुसन्धानात्मक क्रियाकलाप वा कुनै पनि शैक्षिक कार्यहरूमा बौद्धिक इमानदारी अपनाउनुपर्ने

६. विद्यार्थीको व्यक्तिगत र शैक्षिक जानकारीबारे गोपनीयता कायम राख्नुपर्ने

७. विद्यार्थीको पढाइका साथै व्यक्तिगत र सर्वाङ्गीण विकासका लागि उत्साह तथा उत्प्रेरणाजनक व्यवहार प्रदर्शन गर्नुपर्ने

८. क्याम्पसका सम्पत्ति र साधनहरूको दुरुपयोग नगरी यसको यथोचित संरक्षण गर्दै शान्त, स्वच्छ तथा हरियाली वातावरणको विकासमा जोड दिनुपर्ने

९. डस्टबिनको प्रयोग गरी फोहरमैला व्यवस्थापन गर्नुपर्ने

१०. क्याम्पस परिसरमा धूम्रपान र मध्यपान गर्न नहुने

११. शिक्षण तथा अन्य कार्यहरूमा नवीनतम जानकारी र प्रविधिमा आफूलाई अपडेट राख्नुपर्ने

१२. विद्यार्थीको हकहितका लागि अन्य सम्वन्धित निकायसँग राम्रो समन्वय कायम गर्नुपर्ने

१३. शैक्षिक वातावरणलाई सकारात्मक र उत्साहजनक बनाई शैक्षिक गुणस्तर बृद्धिमा जोड दिनुपर्ने

१४. आवश्यकताअनुसार बैठकमा उपस्थित भई प्राप्त जिम्मेवारीहरूलाई समयमै सम्पन्न गर्नुपर्ने

१५. समय-समयमा आफ्नो कार्य र जिम्मेवारीको आत्ममूल्याङ्कन गर्दै सुधारका उपायहरू अपनाउनुपर्ने आदि

१६. विश्वविद्यालयको ऐन नियम, कार्यविधि, निर्देशिका, तथा क्याम्पसका नीतिनियमहरूको पूर्ण पालना गर्नुपर्ने ।



२०८१।३।१५

Tikapur Multiple Campus
Tikapur, Kailali
FAR WESTERN UNIVERSITY

Scanned with CamScanner

## ख. कर्मचारीहरूका लागि आचारसंहिता

प्रस्तुत आचारसंहिता टीकापुर बहुमुखी क्याम्पसमा कार्यरत कर्मचारीहरूमा अनुशासन र शैक्षिक, प्रशासनिक गुणस्तर सुधारमा मद्दत पुऱ्याउने उद्देश्यले निर्माण गरिएको हो । अतः यस क्याम्पसका सम्पूर्ण कर्मचारीहरूले तलका आचारसंहिताको पालना गर्नु अनिवार्य हुनेछ :

१. विश्वविद्यालय एवम् क्याम्पसले निर्धारण गरेको पोसाक लगाई कार्यालय समयमा नै उपस्थित भई प्रशासनिक कार्य कुशलतापूर्वक सम्पन्न गर्नुपर्ने
२. अभिभावक, विद्यार्थी, शिक्षक, सहकर्मी एवम् सरोकारवालाहरूप्रति सम्मानपूर्वक निष्पक्ष, सकारात्मक र सहयोगी व्यवहार प्रस्तुत गर्नुपर्ने
३. आफ्नो पेसागत जिम्मेवारी कुशलता र इमान्दारीपूर्वक सम्पन्न गर्नुपर्ने
४. क्याम्पस परिसरमा धुम्रपान तथा मध्यपान निषेध गरिएकाले सोको पालना गर्नुपर्ने
५. क्याम्पसको गोप्य सूचना, विद्यार्थीको व्यक्तिगत जानकारी र सहकर्मीको गोपनीयतालाई सम्मान गर्नुपर्ने
६. आवश्यकताअनुसार बैठकमा उपस्थित हुनुपर्ने र प्राप्त जिम्मेवारीहरूलाई समयमै सम्पन्न गर्नुपर्ने
७. क्याम्पसको स्रोत, उपकरण र प्रविधिको उपयोगमा जिम्मेवार हुनुपर्ने
८. डस्टबिनको प्रयोग गरी फोहर मैलालाई व्यवस्थित गर्नुपर्ने
९. पेसागत विकासका लागि तालिम, गोष्ठी र कार्यशालाहरूमा सहभागी भई आफ्नो सिप अभिवृद्धि गर्नुपर्ने
१०. क्याम्पसको प्रतिष्ठा, राष्ट्रिय एकता र नेपाली संस्कृतिको सम्मान गर्नुपर्ने
११. विद्यार्थीहरूको सर्वाङ्गीण विकासमा सहयोगी हुने कार्य र व्यवहार जिम्मेवारीपूर्वक गर्नुपर्ने
१२. अनियमितताबाट टाढा रही आर्थिक, प्रशासनिक कार्यहरूमा पारदर्शिता तथा शून्य भ्रष्टाचारको आचरण पालना गर्नुपर्ने
१३. सुरक्षित शारीरिक तथा मानसिक वातावरण कायम गर्न जिम्मेवार बन्नुपर्ने
१४. समय-समयमा आफ्ना कार्य र जिम्मेवारीहरूको आत्ममूल्याङ्कन गर्दै सुधारका उपायहरू अपनाउनुपर्ने
१५. क्याम्पसमा स्वच्छ, शान्त र हरियालीपूर्ण वातावरण निर्माणका लागि योगदान गर्नुपर्ने
१६. विश्वविद्यालयको ऐन नियम, कार्यविधि, निर्देशिका तथा क्याम्पसका नीतिनियमहरूको पूर्णरूपमा पालना गर्नुपर्ने ।

## ग. विद्यार्थीहरूका लागि आचारसंहिता

प्रस्तुत आचारसंहिता टीकापुर बहुमुखी क्याम्पसमा अध्ययनरत विद्यार्थीमा अनुशासन, मर्यादा, नैतिकता र शैक्षिक गुणस्तर सुधारका लागि निर्माण गरिएको हो । अतः सम्पूर्ण विद्यार्थीहरूले तलका आचारसंहिताको पालना गर्नु अनिवार्य छ :

१. प्रत्येक दिन क्याम्पस सुरु हुने निर्धारित समयभन्दा १५ मिनेट अगावै आफ्नो कक्षा कोठामा उपस्थित भई समयको पालना गर्नुपर्ने
२. अनिवार्य रूपमा क्याम्पसले तोकेको पोसाक लगाई क्याम्पस आउनुपर्ने (मङ्गलबार र शुक्रबारका दिन भने निर्धारित आ-आफ्नो सङ्कायगत हाउस ड्रेस लगाउन सकिने)
३. कक्षामा नियमित रूपमा उपस्थित भई हाजिरी प्रणालीको पालना गर्नुपर्ने र अनुपस्थित हुनुपर्दा आफ्नो मनिटरमार्फत कक्षा शिक्षकलाई उचित कारणसहित निवेदन पेस गर्नुपर्ने



२०८१।५।१९

Far Western University
Tikapur Multiple Campus
Tikapur, Kailali

Scanned with CamScanner

४. क्याम्पस परिसरभित्र धुम्रपान तथा मध्यपान गर्न पूर्णतः निषेध गरिएकाले सोको पालना गर्नुपर्ने
५. क्याम्पसले तोकेको पाठ्यक्रम तथा शैक्षिक क्रियाकलापमा सक्रिय रूपमा सहभागी हुनुका साथै आफ्नो अध्ययन कार्यलाई प्राथमिकता दिनुपर्ने
६. क्याम्पसमा आयोजना गरिएका अतिरिक्त क्रियाकलापमा सक्रियतापूर्वक भाग लिनुपर्ने
७. क्याम्पसका विविध सूचनाहरूको प्राप्तिमा अधिकतम पहुँच बनाउनुपर्ने
८. शिक्षक, कर्मचारी र सहपाठी साथीहरूप्रति आदर, सद्भाव एवम् सम्मानभाव प्रकट गर्नुपर्ने
९. कक्षामा मोबाइल फोन, इन्टरनेट तथा अन्य विद्युतीय उपकरणको प्रयोग गर्दा सावधानी अपनाउनुपर्ने र तिनलाई ज्ञान आर्जनमा अधिकतम उपयोगी बनाउनुपर्ने
१०. आफ्नो कक्षाको सक्षम व्यक्तिलाई.मनिटर छान्नुपर्ने र प्रत्येक महिनामा हुने मनिटरहरूको बैठकले गरेका निर्णयहरूको कार्यान्वयमा सहयोग गर्नुपर्ने
११. आफ्ना कक्षा शिक्षक, विषय शिक्षक, शिक्षण समितिप्रमुख, क्याम्पस प्रमुख, कर्मचारीहरू तथा क्याम्पससम्बद्ध व्यक्तिहरूसँग भेटघाट गरी सुझाव, सल्लाह आदान प्रदान गर्नुपर्ने
१२. समय समयमा आफ्ना अभिभावकहरूलाई पनि साथमा लिएर क्याम्पस आई र आफ्ना शैक्षिक गतिविधिहरूका बारेमा जानकारी गराउनुका साथै क्याम्पस प्रशासनलाई आवश्यक सल्लाह सुझाव प्रदान गर्न लगाउने
१३. सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुका साथै तिनलाई क्षति पुऱ्याउने कार्य गर्न नहुने
१४. क्याम्पसको उद्यानमा लगाइएका फूल टिप्ने, बोटबिरुवा उखेल्नेजस्ता अनुचित कार्य गर्न नहुने तथा तिनको संरक्षण गर्नुपर्ने
१५. प्लास्टिकजन्य झोला, थैली तथा कुनै वस्तुका प्याकिङ्को प्रयोग नगर्ने
१६. डस्टबिनको प्रयोग गरी फोहरमैलाको उचित व्यवस्थापन गर्नुपर्ने
१७. प्रत्येक महिनाको अन्तिम दिनमा आयोजना गरिने बृहत् सरसफाइ कार्यक्रममा सहभागी भई क्याम्पस परिसर र कक्षाकोठा सफा राख्न सक्रिय रहनुपर्ने
१८. सामाजिक कार्यमा संलग्न भई समाजप्रति उत्तरदायी तथा जिम्मेवारीपूर्ण व्यवहार प्रदर्शन गर्नुपर्ने
१९. सबै जातजाति, लिङ्ग, धर्म, सम्प्रदाय, संस्कृति एवं फरक क्षमता भएका व्यक्तिहरूप्रति सम्मान, सद्भाव, सहयोग तथा समावेशिताको भावना प्रकट गर्नुपर्ने
२०. क्याम्पसको बडापत्रमा लेखिएका सम्पूर्ण सूचनाहरूको पालना गर्नुपर्ने
२१. आफ्ना सुझाव तथा गुनासो राख्नका लागि सुझाव पेटिकाको प्रयोग गर्नुका साथै क्याम्पसको गुनासो व्यवस्थापन समितिसँग सम्पर्क गर्नुपर्ने
२२. क्याम्पसभवन तथा क्याम्पस परिसरमा पोस्टर, पप्पलेट टाँस्न तथा भित्ते लेखन गर्न निषेध गरिएकाले उक्त नियमको पालना गर्नुपर्ने
२३. विश्वविद्यालयको ऐन नियम, निर्देशिका तथा क्याम्पसका नीति नियमहरूको पूर्ण पालना गर्दै नैतिकवान्, सचेत र जिम्मेवार बन्नुपर्ने ।

२०७१।३।१८

Far Western University
Tikapur Multiple Campus
Tikapur, Kailali



Scanned with CamScanner

## खण्ड दुई : यौन शोषण र दुर्व्यवहारसम्बन्धी आचारसंहिता

### १. परिचय

यौन शोषण र दुर्व्यवहार भन्नाले यौनसम्वन्धी अवाञ्छित आचरण तथा यौनजन्य क्रियाकलापमा सहभागी हुने कार्यलाई बुझाउँछ । यसमा शिक्षकद्वारा विद्यार्थीलाई, सहपाठीद्वारा एक-अर्कालाई वा अन्य व्यक्तिहरूबाट गरिने कुनै पनि प्रकारको दुर्व्यवहार समावेश हुन्छ । उच्च शिक्षा संस्थानहरूमा यौन शोषण र दुर्व्यवहार एक गम्भीर सामाजिक समस्याका रूपमा रहेको देखिन्छ । यसले शैक्षिक वातावरणलाई नकारात्मक प्रभाव पार्दछ । यस्ता व्यवहारहरूले विद्यार्थी, शिक्षक, र कर्मचारीको शारीरिक, मानसिक र भावनात्मक पक्षमा नकारात्मक प्रभाव पार्ने गर्दछ। यौन शोषणका घटनाहरू प्रायः सामाजिक लाज, डर र गोपनीयताको कारण बाहिर आउँदैनन् । यस्ता घटनाहरूले पीडितलाई आत्मसम्मान गुमाउने, शैक्षिक गुणस्तरमा कमी आउने र मानसिक स्वास्थ्यमा नकारात्मक असर पार्ने देखिन्छ। साथै संस्थाको प्रतिष्ठामा समेत बाधा पुग्न सक्छ। यो समस्या समाधान गर्न, उच्च शैक्षिक संस्थाहरूले स्पष्ट नीतिहरू, सचेतना कार्यक्रमहरू, सुरक्षित उजुरी व्यवस्थापन प्रणाली र कारबाही प्रक्रिया प्रभावकारी रूपमा लागु गर्नु आवश्यक देखिन्छ। यौन शोषण र दुर्व्यवहारको रोकथामले मात्र उच्च शैक्षिक संस्थाहरूलाई सुरक्षित, समावेशी र सबैका लागि सम्मानजनक वातावरण बनाउन मद्दत गर्ने हुनाले यस टीकापुर बहुमुखी क्याम्पसमा पनि यस्तो आचार संहिता निर्माण गरी लागु गरिएको छ।

### २. उद्देश्य

प्रस्तुत आचार संहिता यस क्याम्पसमा यौन शोषण र दुर्व्यवहार रोकथामका लागि आवश्यक सिद्धान्त र व्यवहारका मापदण्डहरू निर्धारण गर्न तयार पारिएको हो । यसले संस्थाका शिक्षक, कर्मचारी, विद्यार्थी, अभिभावक र आगन्तुक आदि सबै सरोकारवालाहरूलाई नियमन गर्नेछ । यसबाट यस संस्थामा सुरक्षित, मर्यादित र समावेशी वातावरण सिर्जना गर्नुका साथै क्याम्पसमा यौन दुर्व्यवहार र उत्पीडनबाट मुक्त वातावरण कायम राख्न सहयोग पुग्ने छ।

### ३. यौन शोषण र दुर्व्यवहारसम्बन्धी गतिविधिहरू

**क. शारीरिक दुर्व्यवहार**

- बिनासहमति कसैको शरीरमा छुने कार्य
- जबर्जस्ती यौन क्रियाकलापमा सहभागी गर्ने गराउने प्रयास ।

**ख. मौखिक दुर्व्यवहार**

- यौनजन्य टिप्पणी गर्ने
- गालीगलौज वा अशोभनीय शब्दहरू प्रयोग गर्ने
- यौन प्रस्ताव राख्ने वा अपमानजनक कुरा गर्ने
- यौनजन्य साङ्केतिक व्यवहार प्रदर्शन गर्ने ।

**ग. गोपनीयता उल्लङ्घन**

- कसैको निजी वा यौनसम्बन्धी जानकारी जबर्जस्ती माग गर्ने
- अनधिकृत रूपमा यौनजन्य सामग्री प्रचारप्रसार तथा वितरण गर्ने ।



२०८१।३।१९

सुदूरपश्चिम विश्वविद्यालय FAR WESTERN UNIVERSITY Tikapur Multiple Campus Tikapur, Kailali

Scanned with CamScanner

### घ. डर धम्कीपूर्ण दुर्व्यवहार

- डर धम्की एवम् प्रलोभन देखाई यौन क्रियाकलापमा सहभागी गर्ने गराउने
- शैक्षिक मूल्याइनमा नकारात्मक असर पुऱ्याउने खालका धम्की दिने
- यौन शोषणको उजुरी गर्दा समस्या भोल्नुपर्ने डर देखाउने
- शारीरिक, मानसिक वा सामाजिक रूपमा हानि पुऱ्याउने गरी धम्की दिने ।

### ङ. डिजिटल दुर्व्यवहार

- अश्लील सामग्री अनलाइन पठाउने
- सामाजिक सञ्जाल वा अन्य डिजिटल माध्यमबाट यौनजन्य दुर्व्यवहार गर्ने ।

### च. मनोवैज्ञानिक दबाब

- मानसिक दबाब दिएर यौन क्रियाकलापका लागि बाध्य पार्ने
- अवाञ्छित यौन सम्बन्ध स्वीकार नगर्दा शैक्षिक, प्रशासनिक तथा अन्य प्रक्रियामा समस्या खडा गर्ने ।

### छ. सहमतिबिना भिडियो/फोटो खिच्ने

- गोप्य रूपमा अशोभनीय भिडियो वा फोटो खिच्ने र त्यसको दुरुपयोग गर्ने ।

### ज. शक्ति र स्थानको दुरुपयोग

- शिक्षण वा कार्यस्थलमा पदको दुरुपयोग गरी यौन फाइदा लिन खोज्ने
- अनुशासनात्मक वा शैक्षिक लाभ/हानिको लोभ तथा डर देखाई दुर्व्यवहार गर्ने ।

### झ. लैङ्गिक विभेदपूर्ण गतिविधि

- कुनै पनि समूहलाई लैङ्गिक आधारमा अपमान गर्ने वा अवहेलना गर्ने
- यौन प्राथमिकताका आधारमा भेदभाव गर्ने ।

## ४. नियमको पालना

- माथिको बुँदा नं. ३ मा उल्लेखित यौन शोषण वा दुर्व्यवहारसम्बन्धी कुनै पनि क्रियाकलापमा संलग्न नहुने
- यौन शोषण वा दुर्व्यवहारसम्बन्धी रिपोर्ट गर्ने वा अनुसन्धानमा भाग लिने व्यक्तिहरूको विरुद्ध प्रतिशोध नगर्ने।

## ५. रिपोर्टिङ तथा कार्वाही प्रक्रिया

- सम्बन्धित पक्षले गोप्य रूपमा विभिन्न माध्यमबाट यस क्याम्पसमा रहेको सुझाव सङ्कलन, परामर्श तथा सबलीकरण केन्द्र वा क्याम्पस प्रशासनसमक्ष रिपोर्ट गर्ने
- प्राप्त रिर्पाटमाथि तत्काल, निष्पक्ष र गोप्य रूपमा सम्बन्धित निकायले अनुसन्धान गरी सबै न्यायिक प्रक्रिया अगाडि बढाउने

२०८१/८/१८

Far Western University
Tikapur Multiple Campus
Tikapur, Kailali



Scanned with CamScanner

- यस आचार संहिता उल्लङ्घनको प्रकृतिअनुसार पीडकलाई नसियत, प्रतिबन्ध, निलम्बन वा निष्कासनसहित विश्वविद्यालयको नियमानुसार अनुशासनात्मक कार्वाही गरिने
- आपराधिक कार्यहरूको प्रकृतिहेरी कानुनले तोकेअनुसार प्रहरी तथा अन्य न्यायिक निकायमा कार्वाहीका लागि प्रक्रिया अगाडि बढाइने।

## ६. समन्वय र सहयोग

- यौन शोषण र दुर्व्यवहारका मुद्दाहरू समाधान गर्न प्रहरी प्रशासन, न्यायालय र अन्य सम्बन्धित निकायहरूसँग समन्वय गरिनेछ।

## ७. पुनर्स्थापना र परामर्श सेवा

पीडित व्यक्तिहरूलाई आवश्यक परामर्श, सहयोग र पुनर्स्थापना सेवाहरू उपलब्ध गराइनेछ।

## ८. रिपोर्टिङ्का लागि सम्पर्क माध्यम

- संस्थाको नाम : सुझाव सङ्कलन, परामर्श तथा सबलीकरण केन्द्र वा क्याम्पस प्रशासन
- इमेल : cmcc. tmc@gmail.com / tikapur@fwu.edu.np
- फोन नम्बर : 091-560088/561088/561272
- वेबसाइट : www.tikapur.fwu.edu.np
- Facebook : परामर्श केन्द्र ( Tikapur Multiple Campus)
- QR Code :

## खण्ड तीन : फोहरमैला व्यवस्थापनसम्बन्धी कार्यविधि

### १. प्रस्तावना

वर्तमान समयमा सहरीकरण र जनसङ्ख्याको वृद्धिका कारण वातावरणीय प्रदूषण र फोहोर व्यवस्थापनमा चुनौतीहरू बढ्दै गएका छन् । विशेष गरी ठुलो सङ्ख्यामा विद्यार्थी र कर्मचारी उपस्थित हुने शैक्षिक संस्थाहरूमा फोहोरको उचित व्यवस्थापन र विसर्जनको आवश्यकता अत्यधिक महत्त्वपूर्ण बनेको पाइन्छ ।

यसै सन्दर्भमा टीकापुर बहुमुखी क्याम्पसमा पनि आफ्नो वातावरणलाई स्वच्छ र हरित राख्न र शैक्षिक वातावरणलाई प्रभावकारी बनाउनका लागि फोहोरको व्यवस्थापनमा विशेष ध्यान दिनुपर्ने अवस्था सिर्जना भएको छ । । यस उद्देश्यले क्याम्पसको प्रत्येक क्षेत्रमा हुने फोहोरको सङ्कलन, वर्गीकरण, पुनः प्रयोग र नष्ट गर्ने प्रक्रियालाई सहज र प्रभावकारी बनाउनका लागि यो विस्तृत कार्यविधि तयार गरिएको हो ।

यस कार्यविधिमा क्याम्पसका विभिन्न विभागहरू र कक्षाहरूमा हुने फोहोरको व्यवस्थापनका लागि स्पष्ट दिशा-निर्देशहरू प्रदान गरिएको छ । यस कार्यविधिको पालना गर्दा क्याम्पसमा वातावरणीय स्वच्छता कायम राख्नका लागि उत्पन्न हुने समस्याहरूलाई समाधान गर्न सकिन्छ । यस कार्यविधिले क्याम्पसमा सस्तो र प्रभावकारी फोहोर व्यवस्थापन प्रणाली सुनिश्चित गर्नुका साथै समाज र वातावरणमा समेत सकारात्मक प्रभाव पार्ने अपेक्षा राखिएको छ । यो कार्यविधि टीकापुर बहुमुखी क्याम्पसको दीर्घकालीन पर्यावरणीय दृष्टिकोणलाई ध्यानमा राखेर तयार पारिएको हो, यसले विद्यार्थी, शिक्षक, कर्मचारी, समुदाय आदि सबैलाई फोहोरको उचित व्यवस्थापनका लागि प्रोत्साहित गर्नेछ ।

### २. कार्यविधिको उद्देश्य

यस कार्यविधिको मुख्य उद्देश्य क्याम्पसलाई स्वच्छ, हरित र व्यवस्थित राख्दै, फोहोर व्यवस्थापनमा सुधार गर्नु हो । यसले दीर्घकालीन रूपमा वातावरणीय र सामाजिक लाभ पुर्‍याउनेछ । यस कार्यविधिका प्रमुख उद्देश्य देहायबमोजिम रहेका छन् :

क. फोहोरको उचित व्यवस्थापन र विसर्जन गरी क्याम्पस क्षेत्रलाई हरियाली पूर्ण तथा स्वच्छ राख्नु

ख. जैविक र अजैविक फोहोरको उचित वर्गीकरण गरी त्यसको पुनः प्रयोग र रिसाइकलिङ गरेर वातावरणमा हुने नकारात्मक असरलाई कम गर्नु

ग. फोहोरको उचित विसर्जन गर्दै पर्यावरणीय प्रदूषणबाट बच्ने उपायहरूको खोजी गर्नु

घ. क्याम्पसका विद्यार्थी, शिक्षक र कर्मचारीहरूलाई फोहोर व्यवस्थापन र यसको महत्त्वका बारेमा सचेत गराउँदै जनचेतना जगाउनु

ङ. क्याम्पस र आसपासको वातावरणमा फोहोरको उचित व्यवस्थापन गरी समाज र वातावरणमा देखापर्ने स्वास्थ्य समस्याको न्यूनीकरण गर्नु

च. फोहोर व्यवस्थापन कार्यको प्रभावकारिता र परिणामको नियमित अनुगमन र मूल्याङ्कन गरेर त्यसमा सकारात्मक परिवर्तन ल्याउनु ।

छ. फोहोर व्यवस्थापनमा नवीनतम प्रविधि र प्रभावकारी पद्धतिहरूको प्रयोग गरी क्याम्पसको वातावरणलाई स्वच्छ राख्नु ।

### ३. फोहोर व्यवस्थापनसम्बन्धी प्रमुख निर्देशनहरू

यस क्याम्पसमा फोहोर व्यवस्थापनको प्रभावकारी प्रणाली लागु गर्नका लागि तलका केही प्रमुख निर्देशनहरू जारी गरिएको छ :



२०८१।८।१८

Far Western University
Tikapur Multiple Campus
Tikapur, Kailali

Scanned with CamScanner

क. फोहर वस्तु राख्नका लागि डस्टबिनको प्रयोग गर्दा सकभर स्थानीय रुपमा उत्पादित (बेत, बाँस, निगालो आदिका) वातावरणमैत्री डस्टबिनको प्रयोग गर्ने

ख. क्याम्पसबाट निस्कने फोहोरलाई कुहिने र नकुहिने गरी अलग-अलग डस्टबिनमा दुई श्रेणीमा विभाजन गर्ने

ग. ल्यान्डफिलको प्रयोग घटाउनुपर्ने तथा फोहोरलाई सिधै ल्यान्डफिलमा नफाल्ने, रिसायक्लिङ र पुनः प्रयोग गर्ने विकल्पलाई प्राथमिकता दिने

घ. रिसायक्लिङ र पुनः प्रयोग हुनसक्ने फोहोर, जस्तै : कागज, सिसा, धातु, प्लास्टिक आदिलाई पुनः चक्रण गर्नका लागि रिसायक्लिङ केन्द्रहरूमा पठाउने

ङ. पुराना सामानहरुलाई मर्मत गर्न सकिने भएमा मर्मत गरी प्रयोग गर्ने

च. ससाना कागजका टुक्रा, कपडाका टुक्रा, पातपतिङ्गर, झारपातजस्ता कुहिने प्रकृतिका फोहरलाई कम्पोस्टिङ गरी मलका रुपमा उपयोग गर्ने,

छ. नकुहिने प्रकृतिका फोहरलाई ल्यान्डफिल्ड गर्नैपर्ने भएमा मात्र खाल्डामा राखी पुरिदिने

ज. प्लास्टिकको प्रयोगलाई न्यूनीकरण गरी वातावरणमैत्री सामानहरुलाई प्राथमिकता दिने र पुनः प्रयोग योग्य सामग्रीहरूको प्रयोगलाई बढावा दिने ।

## ४. ई-वेस्टको उचित व्यवस्थापन

टीकापुर बहुमुखी क्याम्पसको वातावरणलाई ई-वेस्ट प्रकृतिका फोहरमैलाबाट हुने नकारात्मक प्रभावबाट बचाउन र वातावरणमा पर्ने नकारात्मक प्रभाव कम गर्न एवम् यसबाट स्वास्थ्यमा हुने जोखिम न्यूनीकरण गर्न ई-वेस्टको उचित व्यवस्थापन आवश्यक भएकाले यस क्याम्पसमा पनि ई-वेस्ट व्यस्थापन गर्न देहायका निर्देशनहरू जारी गरिएको छ :

क. इलेक्ट्रोनिक वस्तुहरू सिसा, पारो, क्याडमियम र ब्रोमिनेटेड फ्लेम रिटार्डेन्ट जस्ता पदार्थलाई ल्यान्डफिलमा नफालेर मान्यता प्राप्त ई-वेस्ट रिसाइकल केन्द्रमा पठाउने

ख. पुराना मोबाइल, कम्प्युटर, हार्ड ड्राइभ आदि उपकरणहरू रिसाइकल गर्नुअघि सबै आवश्यक डाटा अर्को उपकरणमा स्थानान्तरण गर्ने वा मेटाउने

ग. ब्याट्रीहरू अलग गरेर फाल्ने, धेरै इलेक्ट्रोनिक उपकरणहरूमा ब्याट्री हुने हुँदा यस्ता ब्याट्रीहरूलाई रिसायकलिङ् केन्द्रमारूपमा पठाउने विशेष व्यवस्था मिलाउने,

घ. भविष्यमा ई-वेस्टको मात्रा घटाउनका लागि दीर्घकालीन जीवन भएका रिसाइकलयोग्य सामग्रीबाट वनेका इलेक्टोनिक वस्तुहरू खरिद गर्ने

ङ. नयाँ उपकरण किन्नुको सट्टा पुनः प्रयोग गरिएका इलेक्ट्रोनिक सामग्री खरिद गर्ने ।

## ५. नियमको पालना

क. ई-वेस्टको जोखिम र यसको सही व्यवस्थापनको महत्त्वका बारेमा सबै शिक्षक, कर्मचारी, विद्यार्थी एवम् समुदायलाई जानकारी गराउने

ख. विश्वविद्यालय एवम् स्थानीय सरकार तथा राष्ट्रिय स्तरमा लागु गरिएका फोहोर व्यवस्थापनका नियम र कानुनहरूको पालना गर्ने गराउने

ग. फोहोर व्यवस्थापनको कार्यान्वयनमा नियमहरूको उल्लङ्घन नगर्नका लागि निगरानी गर्ने ।

क्याम्पस प्रशासन

२०८१।३।१८

Far Western University
Tikapur Multiple Campus
Tikapur, Kailali



Scanned with CamScanner